(घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रुपमा भाग लिनु पर्ने,
(ङ) सबैसँग शिष्ट व्यवहार गर्नु पर्ने,
(च) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नु पर्ने ,

**१०५**. कुनैपनि व्यक्ति/सँस्थाले नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्स सेवा, टयूसन,कोचिङ कक्षा सञ्चालन गर्न पाइने छैन ।
(१) कुनै व्यक्ति/सँस्थाले शैक्षिक परामर्स सेवा, टयूसन सेन्टर र कोचिङ कक्षा खोल्न चाहेमा नगरपालिकमा निवेदन दिनु पर्नेछ ।
(२) उप नियम (१) बमोजिम निवेदन पर्न आएमा स्थानीय शिक्षा अधिकृतले स्थलगत अवलोकन गर्दा उपयूक्त लागेमा नगर शिक्षा समिति समक्ष अनुमतिका लागि सिफारिस गर्नु पर्नेछ ।
(३) उप नियम (२) बमोजिम प्राप्त सिफारिस माथि नगर शिक्षा समितिले आवश्यक छलफल गरि उपयुक्त ठानेमा अनुमति दिने निर्णय गर्नेछ ।
(४)नगर शिक्षा समितिको निर्णय बमोजिम स्थानीय शिक्षा अधिकृतको राय लिई प्रमुख प्रशासकिय अधिकृतले आवस्यक शर्त तोकि अनुसुची १६ बमोजिम अनुमति दिनेछ ।
(५)उप नियम (४) बमाजिम अनुमति दिँदा पचास हजार रुपैया धरौटी राख्न लगाएर मात्र दिनु पर्नेछ ।
(६) विद्यालयमा भर्ना भई नियमिति रुपमा अध्ययनरत विद्यार्थीलाई भर्नालिई कुनै पनि कक्षा सञ्चालन गर्न पाइने छैन ।
(७) उपनियम (४) बमोजिम अनुमति प्राप्त शैक्षिक परामर्स सेवा, टयूसेन सेन्टर र कोचिङ कक्षा सञ्चालकले तोकिएको शर्त पालना नगरेको पाइएमा नगर शिक्षा समितिले जुनसुक वखत उक्त अनुमिति रद्द गरि आवश्यक कारवाही गर्न सक्नेछ ।

**१०६. नगर शिक्षा कोष** : (१) नगर स्तरमा सञ्चालन गरिने सम्पूर्ण शैक्षिक गतिविधि/कार्यक्रम सञ्चानका लागि एक नगर शिक्षा कोष रहने छ । उक्त कोषमा देहायका रकमहरु रहेनछन ।
(क) नेपाल सरकारवाट प्राप्त रकम
(ख) प्रदेश सरकारवाट प्राप्त रकम
(ग) नगरपालिकावाट प्राप्त रकम
(घ) शिक्षा करबाट उठेको रकम
(ङ) चन्दा दाताबाट प्राप्त रकम
(च) अन्य स्रोतवाट प्राप्त रकम
उपनियम (१)बमोजिमको कोषको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा शाखाका कर्मचारीको संयूक्त दस्तखतबाट हुनेछ ।

**१०७**. यो कार्यविधि पारीत हुनुपुर्व भए गरेका शिक्षा सम्वन्धि सम्पुर्ण काम कार्वाही तथा निर्णयहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

**१०८** प्रस्तुत कार्यविधि संशोधन परिमार्जन गर्नु परेमा कार्यविधिको प्रमुख आशय फेरबदल नहुने गरी नगरकार्यपालिकाले प्रस्ताव पास गरी नगर सभावाट अनुमोदन गर्न सक्ने छ ।

**अनुसूची १**

(स्थानीय सरकार सञ्चालनका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन को दफा ११ ज. (२) सँग सम्वन्धीत )

## विद्यालय खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
बुढीनन्दा नगरपालिका, बाजुरा ।

विषय : विद्यालय खोल्ने अनुमति सम्वन्धमा ।

महोदय,
शैक्षिक सत्र ......................देखि.................... तहको विद्यालय खोल्न/.......... कक्षा थप गर्न चाहेकोले अनुमतिका लागि देहायका विवरणहरु खुलाई यो निवेदन पेस गरेको छु ।

**(क) प्रस्तावित विद्यालयको**

१. नाम : ..................................................

